# काठमाडौं विश्वविद्यालय र बेथानचोक गाउँपालिका बीच भएको

# समझदारी-पत्र

## क. काठमाडौं विश्वविद्यालय

प्राज्ञिक र व्यावसायिक विधाका विविध विषयमा उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्ने एक स्वायत्त, मुनाफारहित र आत्मनिर्भर उच्च शैक्षिक संस्थाको रूपमा नेपालको संसदबाट काठमाडौं विश्वविद्यालय ऐन, २०४८ पारित गरी स्थापना गरिएको सार्वजनिक संस्था काठमाडौं विश्वविद्यालय हो । देश विकासमा नेतृत्वको निम्ति गुणस्तरीय शिक्षा प्रदान गर्ने दूरदृष्टि रहेको यस संस्थाले ज्ञान र कौशललाई "क्याम्पसबाट समुदायसम्म" लैजाने नाराका साथ समुदायको आवश्यकता पूरा गरी राष्ट्रको सेवा गर्ने लक्ष्य राख्नुका साथै ज्ञान तथा प्रविधिलाई मानव जातिको सेवामा लगाउन समर्पित विश्वस्तरको विश्वविद्यालय बन्ने चाहना राखेको छ । यस संस्थाबाट दीक्षित विद्यार्थीहरू समाज, संस्थान र समुदायको व्यापक अनुभव, अनुसन्धान क्षमता, प्राविधिक साक्षरता, सञ्चार क्षमता, सामूहिक कार्य र नेतृत्वदायी भावना जस्ता गुणहरूबाट चिनिन्छन् । स्कुल अफ आर्टस्, स्कुल अफ एजुकेशन, स्कुल अफ इन्जिनीयरिङ, स्कुल अफ ल, स्कुल अफ म्यानेजमेन्ट, स्कुल अफ मेडिकल साइन्सेज र स्कुल अफ साइन्स नामका सातवटा स्कुलहरू रहेको यस विश्वविद्यालयमा स्कुल अफ आर्टस् र स्कुल अफ एजुकेशन ललितपुरस्थित हात्तीवनमा र स्कुल अफ म्यानेजमेन्ट ललितपुरस्थित बालकुमारीमा अवस्थित छन् ।

## ख. बेथानचोक गाउँपालिका

राजधानी देखि ४५ कि.मी दक्षिणमा रहेको यस बेथानचोक गाउँपालिकामा ६ वटा वडा कार्यालय रहेको छ । साविकको च्याम्राङ्गवेशी गा.वि.स. हालको वडा नं. १, ढुंखर्क गा.वि.स. वडा नं. २ र ३, चलालगणेस्थान गा.वि.स. वडा नं. ४, च्यासिंङ्गखर्क गा.वि.स. वडा नं. ५ र भुग्देउमहांकाल गा.वि.स. वडा नं. ६ मा राजनैतिकरुपमा रुपान्तरण भई ६ वटा वडा बनेको यस गाँऊपालिकाको कुल क्षेत्रफल १०१ वर्ग कि.मी. रहेको छ भने कुल जनसंख्या १६,७७७ रहेको छ । यसरी हेर्दा यस गाँऊपालिकाको जनघनत्व १६६ प्रति वर्ग कि.मि. रहेको छ । साविकको ढुंखर्क गा.वि.स. को कार्यालयलाई केन्द्र मानी यस गाँऊपालिकाको सिमांकन भएको छ । बेथानचोक गाँऊ पालिकाको उत्तरमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती र नमोबुद्ध नगरपालिका, दक्षिणमा खानीखोला गाँऊपालिका, पूर्वमा रोशी गाँऊ पालिका रहेको छ भने पश्चिममा ललितपुर जिल्लाको महांकाल गाँऊपालिका रहेको छ । यस गाँऊपालिकाको नामाकरण साविक ढुंखर्क गा. वि. स.को वडा नं. १ स्थीत समुन्द्री सतहबाट करिब ३०१८ मिटर अग्लो स्थानमा रहेको बेथाञ्चोक नारायण मन्दिरको नामबाट नामाकरण गरिएको हो । प्राकृतिक सुन्दरताले भरिपुर्ण महाभारत पर्वत श्रृंखलामा पर्ने बेथानचोक गाँऊ पालिकामा धेरै महत्वराख्ने जडिबुटीहरु पाईन्छ । खासगरी ढुंखर्क, भुग्देउ, च्यासिंखर्क, चलालगणेस्थान क्षेत्रमा पाईने केही महत्वपूर्ण जडिबुटीहरुमा लौठसल्ला, ठिंग्रेसल्ला, विस्वामा, अर्घौली, झ्याउ, सुगन्धवाल, चिराईतो, मजिठो, कुरिलो आदी पर्दछन् । बाहुन, क्षेत्री, आदिबासी, जनजाती, दलित आदी सबै जातजातिहरुको सुन्दर संगमस्थलको रुपमा बेथानचोक गाँऊपालिकामा तामाङ्ग जातिको बाहुल्यता रहेको देखिन्छ ।

देश, समाज र राष्ट्रको समग्र हितमा काम गर्ने गरी स्थापित दुवै संस्थाका कतिपय साझा जिम्मेवारी छन् । काठमाडौं विश्वविद्यालय र बेथानचोक गाउँपालिकाले ती जिम्मेवारीलाई सहयोग र सहकार्यमार्फत अगाडि बढ्ने सैद्धान्तिक सहमति गरेर तपसिलका विषयमा संस्थागत सहकार्य, सहयोगको प्रतिबद्वता र समझदारीलाई औपचारिक रूपमा संस्थागत स्मृतिमा राख्नका निम्ति यो समझदारी पत्रमा हस्ताक्षर गरेका छौं ।

१. स्थानीय समस्यामा आधारित भएर संयुक्त अनुसन्धान र प्रकाशनको लागि कार्य गर्ने।
२. समसामयिक विषयमा संयुक्त आयोजनामा सेमिनार, सम्मेलन, गोष्ठी सञ्चालन गर्ने ।

३. दुर्लुङ्गखोला बाइसे ढुंगा च्याम्रुंगबेसी चौतारा सुरुङ्गमार्गको काठमाडौं विश्वविद्यालय प्राबिधिक तथा प्राज्ञिक सहयोगमा प्रारम्भिक प्राबिधिक अध्ययन गर्ने र त्यसका लागि बेथानचोक गाउँपालिकाले काठमाडौं विश्वविद्यालयलाई रु. दस लाख उपलब्ध गराउने।

माथिका प्राबधानहरुलाई कार्यान्वयनमा लैजान काठमाडौं विश्वविद्यालय र बेथानचोक गाउँपालिकाका दुवै पक्षका प्रतिनिधिहरुले नेपाली भाषामा लेखिएको यस समझदारी पत्रको दुइ प्रतिहरुमा देहाएको मितिमा हस्ताक्षर गरि प्रत्येक पक्षले एक एक प्रति लियौं दियौं।

..............................

श्री भगवान अधिकारी

प्रमुख , बेथानचोक गाउँपालिका

काभ्रे

..............................

प्रा. डा. मनिष पोखरेल

डिन , स्कुल अफ इञ्जिनियरिङ्ग

काठमाडौं विश्वविद्यालय, धुलिखेल

रोहवर

..............................

श्यामसुन्दर खड्का

विभागीय प्रमुख

सिभिल इञ्जिनियरिङ्ग बिभाग

काठमाडौं विश्वविद्यालय, धुलिखेल।

मधुसुधन तिमल्सिना
बेथानचोक गाउँपालिका
वार्ड नम्बर १

पुरुषोत्तम तिमल्सिना
बेथानचोक गाउँपालिका
वार्ड नम्बर २

बि स २०७९ फागुन १७ गते रोज १०.३० शुभम्